# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

## आन्तरिक प्रतियोगिता र खुला तथा समावेशी विज्ञापन

**सूचना नं ३५/२०८२-०८३**

**प्रथम पटक प्रकाशित मिति : २०८२।१०।०२**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन सेवा तर्फका विभिन्न रिक्त पदहरूका लागि लोक सेवा आयोगबाट प्राप्त सहमति अनुसार निम्न लिखित पदहरूमा खुला तथा समावेशी प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले अधिकृत पदका लागि २१ (एक्काइस) वर्ष तथा सहायक पदका लागि १८ (अठार) वर्ष उमेर पूरा भएका र प्राज्ञिक सेवातर्फ सहायक प्राध्यापक पदका लागि ४२ वर्ष, प्राविधिक सेवातर्फ ४० बर्ष, प्रशासन सेवातर्फ ३५ वर्ष उमेर ननाघेका योग्य नेपाली नागरिकहरूबाट र आन्तरिक प्रतियोगितातर्फ सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तीन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत स्थायी कर्मचारीहरूले मिति २०८२/१०/२२ गतेसम्म र दोब्बर दस्तुर भुक्तान मिति २०८२/१०/२९ गते सम्ममा रीतपूर्वक अनलाइन दरखास्त आह्वान गरिन्छ। खुला तथा समावेशीतर्फ प्रतिष्ठानमा बहालवाला स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन। तोकिएको म्यादभित्र अनलाइन अपलोड नभएको र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही हुनेछैन। झुठो विवरण उल्लेख गरेको पाइएमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ। दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/१०/२२ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, समावेशीको प्रमाणपत्र, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव, सेवा अवधि र लेख प्रकाशन मान्य हुने छैन।

**अनलाइन दरखास्तको साथमा निम्न लिखित कागजातहरूको स्पष्ट बुझिने स्क्यान कपी अनलाइन मार्फत नै अपलोड गर्नुपर्नेछ।**

- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साईजको फोटो।
- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र।
- विज्ञापित पद/तहका लागि प्रवेशिका र सोदेखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र अन्तिम म्यादभित्रै उपलब्ध गराइसक्नुपर्ने।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरूको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र।
- आदिवासी/जनजातिका हकमाः नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थर भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात।
- मधेसीका हकमाः नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिए बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराइएको कागजात।
- दलितको हकमाः राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानिय तहको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराइएको कागजात।
- अपाङ्गका हकमाः समाज कल्याण परिषद्बाट जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानिय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।
- पिछडिएको क्षेत्रका हकमाः निजामति सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) तथा संघिय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ को दफा १७ को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरेको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानिय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फाराम भर्ने दिनभन्दा ३ महिना अगाडि सम्मको सिफारिसको आधारमा। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यन्त्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानिय तह/निकायको बसाइँसराइ गरेको खुल्ने कागजात।
- आन्तरिक प्रतियोगितातर्फ दरखास्त शुल्कः (क) तह १० - रु २,०००/- (ख) तह ९'क' - रु १,६००/- (ग) तह ७ र ८ - रु १,४००/- (घ) तह ६ - रु १,०००/- लाग्नेछ।
- खुला तथा समावेशीतर्फ दरखास्त शुल्कः (क) तह ९'क' र ९'ख' - रु २,२५०/- (ख) तह ७ - रु २,०००/- (ग) तह ५ - रु १,५००/- साथै प्रत्येक थप समूहको आवेदनमा थप शुल्क लाग्नेछ (क) तह ९'ख' - रु ४५०/- (ख) तह ७ - रु ४००/- (ग) तह ५ - रु ३००/- लाग्नेछ।
- उम्मेदवारको दस्तखतको डिजिटल (image/jpg/jpeg/png) कपी अपलोड गर्ने।
- लिखित परीक्षा दस्तुर आवेदनको लिङ्कभित्र रहेको अनलाइन भुक्तानी माध्यम मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ।
- परीक्षाको किसिमः लिखित र अन्तर्वार्ता।
- लिखित परीक्षा लोक सेवा आयोगले लिनेछ।
- सम्बन्धित पद/विषयको पाठ्यक्रम प्रतिष्ठानको आवेदन लिङ्कमा र वेबसाइट https://www.pahs.edu.np को ServicCommission बाट डाउनलोड गर्न सकिनेछ।
- अनलाइन आवेदनका लागि वेबसाइट https://www.pahssc.pahs.edu.np आ.प्र. र खुला तथा समावेशीको लिङ्कबाट गई दरखास्त पेश गर्न सकिनेछ।
- प्रतिष्ठानको कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौँ संशोधन) को नियम १८ बमोजिम उम्मेदवार हुन अयोग्य उम्मेदवारहरूले दरखास्त पेश गर्न पाउने छैन।
- प्रतिष्ठानको कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौँ संशोधन) तथा प्रचलित कानून बमोजिम अयोग्य र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।
- प्रतिष्ठानको प्राज्ञिक सेवातर्फ बढुवाका लागि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौँ संशोधन) को नियम १७ सँग सम्बन्धित अनुसूची २ (ग) बमोजिम हुनुपर्ने।
- **सहायक प्राध्यापकः-** (क) सम्बन्धित फिल्डमा कम्तीमा दुई वर्षको अनुभव प्राप्त, (ख) सम्बन्धित विषयमा कम्तीमा दुईवटा लेख Peer Reviewed Journal मा प्रकाशन गरेको जसमा एक प्रकाशनमा मुख्य लेखकको रूपमा भएको।
- आन्तरिक प्रतियोगितातर्फ प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कुल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र।
- खुलातर्फ तह ९ (क) नर्सिङ सुपरभाइजर पदका लागि कुनै निजामति सेवा वा सरकारी सेवा वा विश्वविद्यालय वा शिक्षक सेवा वा प्रचलित कानून बमोजिम दर्ता भएको सङ्गठित संस्था वा अन्तर्राष्ट्रिय संघ/संस्थाको अधिकृत स्तरको पदमा ५ वर्ष कार्यअनुभव हुनुपर्ने तर विद्यावारिधि उपाधि हासिल गरेको उम्मेदवारको अनुभवको हकमा दुई वर्ष कम भए पनि हुने।
- **अन्य बिषयः-** सूचनामा स्पष्ट नभएका विषय प्रतिष्ठानको कर्मचारी सेवा सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौँ संशोधन) बमोजिम हुनेछ। विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५४५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५४४५११२/०१५४४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद नाम | तह | सेवा | समूह | उपसमूह | माग पद सङ्ख्या | आन्तरिक प्रतियोगिता | खुला | समावेशी समूह महिला ३३% | आ.ज. २७% | मधेसी २२% | दलित ९% | अपाङ्ग ५% | पि.क्षे. ४% | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २०/२०८२–०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | जीव रसायन | | १ | १ | | | | | | | | MD Biochemistry |
| २ | २१/२०८२–०८३ | सहायक प्राध्यापक | ९ख | प्राज्ञिक | शल्य चिकित्सा | युरोलोजी | १ | | | १ | | | | | | MS/MCH Uro-Surgery |
| ३ | २२/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | इन्टरनल मेडिसिन | रेस्पिरेटरी एन्ड क्रिटिकल केयर | २ | | १ | | | | | | | MD/DM/Fellowship in Pulmonology and Critical Care |
| | २३/२०८२–०८३ | | | | | | | | | | | १ | | | | |
| ४ | २४/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | इन्टरनल मेडिसिन | न्युरोलोजी | २ | | १ | | | | | | | स्नातकोत्तर गरी Neurology मा DM/Fellowship |
| | २५/२०८२–०८३ | | | | | | | | | | १ | | | | | |
| ५ | २६/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | इन्टरनल मेडिसिन | इन्टरभेन्स्नल कार्डियोलोजी | १ | | १ | | | | | | | Cardiology मा DM/ Fellowship गरी Interventional Cardiology मा Fellowship |
| ६ | २७/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | इन्टरनल मेडिसिन | Endocrinology | १ | | | १ | | | | | | MD/DM/Fellowship in Endocrinology |
| ७ | २८/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | | १ | | | | | १ पूनः | | | | MD Obs/Gyn |
| ८ | २९/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | बाल चिकित्सा | कार्डियोलोजी | १ | | | १ | | | | | | MD Pediatrics with DM/Fellowship in Pediatric Cardiology |
| ९ | ३०/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | आकस्मिक तथा बहिरङ | प्यालियटिभ केयर | २ | | १ | | | | | | | MD/Fellowship in Pallative care |
| | ३१/२०८२–०८३ | | | | | | | | | १ पूनः | | | | | | |
| १० | ३२/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | रेडियोलोजी | | १ | | | | | | १ पूनः | | | MD Radiology |
| ११ | ३३/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | रेडियोलोजी | इन्टरभेन्स्नल रेडियोलोजी | १ | | | १ पूनः | | | | | | MD Radiology with DM/Fellowship in Interventional Radiology |
| १२ | ३४/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | रेडियोलोजी | न्युरो इन्टर्भेन्सन | १ | | १ | | | | | | | MD Radiology with DM/Fellowship in Neuro-intervention |
| १३ | ३५/२०८२–०८३ | सहायक प्राध्यापक | ९ ख | प्राज्ञिक | नाक कान घाँटी | | २ | | १ | | | | | | | MS Oto-rhino-larynglology |
| | ३६/२०८२–०८३ | | | | | | | | | | १ | | | | | |
| १४ | ३७/२०८२–०८३ | नर्सिङ्ग सुपरभाईजर | ९ क | प्राविधिक | नर्सिङ | | ४ | ३ | | | | | | | | स्नातकोत्तर |
| | ३८/२०८२–०८३ | | | | | | | | | १ | | | | | | |
| १५ | ३९/२०८२–०८३ | प्रमुख ल्याव टेक्नोलोजिष्ट | ८ ख | प्राविधिक | ल्याब | | १ | १ | | | | | | | | स्नातक |
| १६ | ४०/२०८२–०८३ | प्रमुख नर्सिङ अधिकृत | ८ ख | प्राविधिक | नर्सिङ | | १ | १ | | | | | | | | स्नातक |
| १७ | ४१/२०८२–०८३ | सिनियर प्रशासन अधिकृत | ८ ख | प्रशासन | सामान्य प्रशासन | | १ | १ | | | | | | | | स्नातक |
| १८ | ४२/२०८२–०८३ | सिनियर नर्सिङ अधिकृत | ८ क | प्राविधिक | नर्सिङ | | १ | १ | | | | | | | | स्नातक |
| १९ | ४३/२०८२–०८३ | रेडियोलोजी टेक्नोलोजिष्ट | ७ | प्राविधिक | रेडियोलोजी | | २ | | १ | | | | | | | स्नातक |
| | ४४/२०८२–०८३ | | | | | | | | | | | १ | | | | |
| २० | ४५/२०८२–०८३ | नर्सिङ अधिकृत | ७ | प्राविधिक | नर्सिङ | | ९ | १ | | | | | | | | स्नातक |
| | ४६/२०८२–०८३ | | | | | | | | ४ | | | | | | | |
| | ४७/२०८२–०८३ | | | | | | | | | १ | | | | | | |
| | ४८/२०८२–०८३ | | | | | | | | | | १ | | | | | |
| | ४९/२०८२–०८३ | | | | | | | | | | | १ | | | | |
| | ५०/२०८२–०८३ | | | | | | | | | | | | | | १ | |
| २१ | ५१/२०८२–०८३ | सिनियर स्टाफ नर्स | ६ | प्राविधिक | नर्सिङ | | ३ | ३ | | | | | | | | प्रमाणपत्र तह |
| २२ | ५२/२०८२–०८३ | ल्याव टेक्निसियन | ५ | प्राविधिक | ल्याव | | १ | | १ | | | | | | | प्रमाणपत्र तह |
| २३ | ५३/२०८२–०८३ | पोषण टेक्निसियन | ५ | प्राविधिक | पोषण | | १ | | | | १ | | | | | प्रमाणपत्र वा सो सरह गरी न्यूट्रिसन एण्ड डाईटेटिक्समा डिप्लोमा |
| २४ | ५४/२०८२–०८३ | रेडियोलोजी टेक्निसियन | ५ | प्राविधिक | रेडियोलोजी | | १ | | | | | | पुनः१ | | | प्रमाणपत्र तह |
| २५ | ५५/२०८२–०८३ | स्टाफ नर्स | ५ | प्राविधिक | नर्सिङ्ग | | ७० | | ३९ | | | | | | | प्रमाणपत्र तह |
| | ५६/२०८२–०८३ | | | | | | | | | ११ | | | | | | |
| | ५७/२०८२–०८३ | | | | | | | | | | ९ | | | | | |
| | ५८/२०८२–०८३ | | | | | | | | | | | ६ | | | | |
| | ५९/२०८२–०८३ | | | | | | | | | | | | ३ | | | |
| | ६०/२०८२–०८३ | | | | | | | | | | | | | १ | | |
| | ६१/२०८२–०८३ | | | | | | | | | | | | | | १ | |

सचिव

# पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान

## सेवा आयोग

## कार्य क्षमता मुल्याङ्कनद्वारा हुने बढुवा विज्ञापन

**सूचना नं. ३४/२०८२-०८३**

**प्रथम पटक प्रकाशित मिति : २०८२।१०।०२**

पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्राज्ञिक, प्राविधिक र प्रशासन तर्फका विभिन्न सेवा, समूह र उपसमूहमा लोक सेवा आयोगबाट प्राप्त सहमति बमोजिम रिक्त रहेका तपसिल बमोजिमका पदहरू कार्य क्षमता मुल्याङ्कनद्वारा हुने बढुवा मार्फत पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित सेवा समूहमा सहायक तहको हकमा कम्तीमा ३ (तीन) वर्ष र अधिकृत तहको हकमा कम्तीमा ४ (चार) वर्ष स्थायी सेवा अवधि पूरा गरी प्रतिष्ठानको नियमावली बमोजिम तोकिएको योग्यता पुगेका एक तह मुनिका पदमा कार्यरत कर्मचारीहरूले दरखास्त दिने अन्तिम मिति २०८२/१०/२२ गतेसम्म र दोब्बर दस्तुर तिरी मिति २०८२/१०/२९ गते सम्ममा अनलाइन दरखास्त आह्वान गरिन्छ। तोकिएको म्यादभित्र अनलाइन अपलोड नभएको र रीत नपुगेका दरखास्त उपर कुनै कारबाही हुनेछैन। झुठा विवरण उल्लेख गरेको वा पेश गरेको पाइएमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनेछ। दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/१०/२२ गते पछि प्राप्त हुने शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्र, तालिम, अनुभव, सेवा अवधि र लेख प्रकाशन मान्य हुनेछैन।

**अनलाइन दरखास्तको साथमा निम्न लिखित कागजातहरूको स्पष्ट बुझिने Scan Copy अनलाईन मार्फत नै अपलोड गर्नुपर्नेछ।**

- दुवै कान देखिने गरी हालसालै खिचिएको पासपोर्ट साइजको फोटो।
- दुवै तर्फको प्रष्ट बुझिने गरी नेपाली नागरिकताको प्रमाण-पत्र।
- विज्ञापित पद/तहका लागि प्रवेशिका र सोदेखि माथिल्लो शैक्षिक योग्यताको लब्धाङ्क (Transcript) पत्र र चारित्रिक (Character) प्रमाणपत्र।
- विदेशी शैक्षिक संस्थामा अध्ययन गरेको भए त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र अन्तिम म्यादभित्रै उपलब्ध गराईसक्नुपर्ने।
- काउन्सिल दर्ता प्रमाण-पत्र आवश्यक हुने पदहरूको हकमा सम्बन्धित काउन्सिलमा नाम दर्ता भएको प्रमाण-पत्र।
- प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगको भनी सम्बन्धित विभाग/स्कुल प्रमुखले गरेको प्रमाणित सिफारिस पत्र।
- प्रतिष्ठानको नियमानुसार तोकिएको अवधि अनुसार का.क्ष.मु. विवरण सम्बन्धित कार्यालयमा बुझाइएको हुनुपर्ने।
- उम्मेदवारको दस्तखतको डिजिटल कपी अपलोड गर्नुपर्ने।
- दरखास्त दस्तुर आवेदनको लिङ्कभित्र रहेको अनलाइन भुक्तानी माध्यम मार्फत प्रतिष्ठानको खातामा बुझाउनुपर्नेछ।
- अनलाईन आवेदनको लागि https://www.pahssc.pahs.edu.np मा गई दरखास्त पेश गर्न सकिनेछ
- प्रतिष्ठानको कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) को नियम ३८ बमोजिम हुने।
- प्रतिष्ठानको कर्मचारी सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) र सूचनामा उल्लेख भएको योग्यता नपुगेको दरखास्त जुनसुकै समयमा पनि रद्द गर्न सकिनेछ।
- अन्य विस्तृत जानकारी सेवा आयोगको वेबसाइट https://www.pahs.edu.np को servicecommission मा प्रकाशित गरिनेछ।

| क्र.सं. | विज्ञापन नं. | पद नाम | तह | सेवा | समूह | उपसमूह | माग पद सङ्ख्या | दरखास्त दस्तुर | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२-०८३ | प्राध्यापक | ११ | प्राज्ञिक | शल्य चिकित्सा | | १ | २५०० | स्नातकोत्तर |
| २ | २/२०८२-०८३ | प्राध्यापक | ११ | प्राज्ञिक | जीव रसायन | | १ | २५०० | MD/PhD in Biochemistry |
| ३ | ३/२०८२-०८३ | प्राध्यापक | ११ | प्राज्ञिक | शरीर क्रिया | | १ | २५०० | MD/PhD in Physiology |
| ४ | ४/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | प्रसुति तथा स्त्री रोग | अङ्कोलोजी | १ | २००० | MD Obs/Gyn with DM/ Fellowship in Gyne-oncology |
| ५ | ५/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | आकस्मिक तथा बहिरङ | | १ | २००० | MDGP |
| ६ | ६/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | एनेस्थेसिया | | २ | २००० | MD Anesthesia |
| ७ | ७/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | मनोचिकित्सा | | १ | २००० | MD Psychiatry |
| ८ | ८/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | जीव रसायन | | १ | २००० | MD Biochemistry |
| ९ | ९/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | औषधि विज्ञान | | १ | २००० | MD Pharmacology |
| १० | १०/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | नर्सिङ | एडल्ट हेल्थ | १ | २००० | MN in Adult Health |
| ११ | ११/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | नर्सिङ | हस्पिटल मिडवाइफरी | १ | २००० | MN in Advanced Women Health |
| १२ | १२/२०८२-०८३ | सह प्राध्यापक | १० | प्राज्ञिक | नर्सिङ | चाइल्ड हेल्थ | १ | २००० | MN in Child Health |
| १३ | १३/२०८२-०८३ | नर्सिङ सुपरभाइजर | ९ क | प्राविधिक | नर्सिङ | | १ | १६०० | स्नातकोत्तर |
| १४ | १४/२०८२-०८३ | प्रमुख नर्सिङ अधिकृत | ८ ख | प्राविधिक | नर्सिङ | | ३ | १४०० | स्नातक |
| १५ | १५/२०८२-०८३ | सिनियर नर्सिङ अधिकृत | ८ क | प्राविधिक | नर्सिङ | | ४ | १४०० | स्नातक |
| १६ | १६/२०८२-०८३ | नर्सिङ अधिकृत | ७ | प्राविधिक | नर्सिङ | | ४ | १४०० | स्नातक |
| १७ | १७/२०८२-०८३ | सिनियर स्टाफ नर्स | ६ | प्राविधिक | नर्सिङ | | ६ | १००० | प्रमाणपत्र तह |
| १८ | १८/२०८२-०८३ | लेखा सहायक | ६ | प्रशासन | लेखा | | २ | १००० | प्रमाणपत्र तह |
| १९ | १९/२०८२-०८३ | सिनियर सवारी चालक | ४ | प्राविधिक | सवारी शाखा | | १ | ८०० | साधारण लेखपढ भई हलुका तथा मझौला सवारी चालक (ख र च) अनुमति प्राप्त गरेको |

**आवश्यक थप योग्यता** : प्राज्ञिकतर्फ बढुवाका लागि पाटन स्वास्थ्य प्रतिष्ठान कर्मचारी सेवाका सर्त र सुविधा सम्वन्धी नियमावली, २०६७ (आठौं संशोधन) नियम ३७ (२) सँग सम्बन्धित अनुसूची-११ बमोजिम हुनेछ।

**अन्य विषय** : सूचनामा स्पष्ट नभएका बिषय प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०६७ (आठौं संशोधन) तथा प्रचलित कानून बमोजिम हुनेछ। विज्ञापन सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा सेवा आयोगको फोन नं ०१५४५५३५२ साथै प्रतिष्ठानको फोन नं ०१५४४५११२/०१५४४५१५२ बाट सेवा आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

**सचिव**